| कार्यविधि नं. :- | १२ |
|---|---|

# मुसिकोट नगरपालिकाका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धि कार्यविधि २०७४

| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७४/११/२७ |
|---|---|

मुसिकोट नगरपालिका,

गुल्मी जिल्ला

५ नं.प्रदेश

# सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धि कार्यविधि २०७४

नगर कार्यपालिकावाट स्वीकृत मिति २०७४/११/२७

**प्रस्तावना : -** यस नगरभित्र रहेका सामुदायिक विद्यालयहरुमा नगर शिक्षा नियमावली २०७४ को नियम १०६ बमोजिम प्रति विद्यार्थी लागत रकम र बाल शिक्षा केन्द्र व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धि कार्यविधि , २०७४" रहेकोछ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## २. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)"नियम " भन्नाले मुसिकोट नगरपालिकाको स्थानीय शिक्षा नियमावली, २०७४को नियम सम्झनु पर्छ।

(ख)"नियमावली" भन्नाले मुसिकोट नगरपालिकाको स्थानीय शिक्षा नियमावली, २०७४सम्झनु पर्छ।

(ग)"कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(घ)"नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्छ।

(च)"निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ।

(ट) "प्रमुख" भन्नाले नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्छ।

(ठ)"प्रमुख प्रशासकिय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि नियम ३८ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ।

(ढ)“व्यवस्थापन समिति” भन्नाले नियम २६ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(त) “शिक्षा अधिकृत” भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(थ)“शिक्षा शाखा” भन्नाल नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा/शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(ध) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) “शिक्षा समिति” भन्नाले स्थानीय तहको कार्यपालिकाको कुनै सदस्यले नेतृत्व गरेको कार्यपालिकाको निर्णयबाट गठन गरेको नियम २४ अनुसारको शिक्षा समिति सम्झनु पर्दछ ।

(व)“शिक्षक तथा कर्मचारी छनौट समिति” भन्नाले नियम ५४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(श)“शिक्षक” भन्नाले स्थायी, अस्थायी करार र राहत शिक्षक सम्झनु पर्दछ ।

(ष) “सहयोगी कार्यकर्ता” भन्नाले नियम ४६ बमोजिम बाल शिक्षा केन्द्रमा अध्यापन गर्नका लागि नियुक्त सहयोगी कार्यकर्ता सम्झनु पर्दछ ।

**३. प्रति विद्यार्थी लागत रकम <u>अनुदान दिने आधारहरु :-</u>**

१) नगरपालिका भित्र रहेका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक (९-१०) तहमा स्वीकृत दरबन्दी शून्य रहेका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यार्थी लागत रकम नगरपालिकाले अनुदान दिन सक्नेछ ।

२) सो प्रति विद्यार्थी लागत रकम तहगत रुपमा निम्नानुसार दरमा वितरण गर्न सकिने छ

- प्राथमिक तह : प्रति महिना प्रति विद्यार्थी लागत रु. २००
- निम्न माध्यमिक तह : प्रति महिना प्रति विद्यार्थी लागत रु. २५०
- माध्यमिक तह (९-१०) : प्रति महिना प्रति विद्यार्थी लागत रु. ३००

३) प्रति विद्यार्थी लागत रकम एक आर्थिक वर्षमा तेह्र महिनाको अनुदान दिईनेछ ।

४) माध्यमिक तह (११-१२) मा शून्य स्वीकृत दरबन्दी रहेका सामुदायिक विद्यालयको हकमा माध्यमिक तह तृतीय श्रेणीको शिक्षकको तलब भत्ता बराबरको प्रति विद्यार्थी लागत रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराईनेछ ।

(५) दफा (१), (२) र (३) अनुसार दिईएको अनुदान शिक्षक पद सिर्जना गरी सो पदपुर्ती गरेर तलब भत्तामा वा स्केल भन्दा कम तलब भएका शिक्षक तथा कर्मचारीको तलब भ त्ता वृद्धि गरी खर्च गर्नुपर्नेछ ।

**४.प्रति विद्यार्थी लागत रकम अनुदान प्रदान गर्ने विधि :-**

(१) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अनुदान माग गर्ने निर्णय प्रतिलिपी सहितको निवेदन विद्यालयले नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको निवेदन प्राप्त भएपछि निर्णय बमोजिम विद्यालय र नगरपालिकाबीच नगरशिक्षा नियमावली २०७४, नियम ८२ को उपनियम (२) को शर्तहरु : विद्यार्थी संख्या, शिक्षक संख्या, परीक्षाको परिणाम, आर्थिक अवस्था र विद्यालयले पूरा गर्नुपर्ने न्यूनतम पूर्वाधारहरु अध्ययन गरी अनुदान दिने शर्तमा सम्झौता गरी प्रति विद्यार्थी लागत रकम निकासाको लागि नगरशिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विद्यालयको खातामा निकासा दिने व्यवस्था मिलाउनेछ ।

**५. बालविकास सम्बन्धि अनुदान दिने आधारहरु :-**

१) मुसिकोट नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा बालशिक्षा सहयोगी कार्यकर्ता स्वीकृत दरबन्दी नभएका मुसिकोट नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा बालशिक्षा व्यवस्थापन गर्न नगरपालिकाले वार्षिक रु. एक लाख एकमुष्ठ अनुदान दिन सक्नेछ ।

२) दफा (१) बमोजिमको रकम विद्यालयले निम्नानुसार खर्च गर्नुपर्नेछ :-

- बालशिक्षा केन्द्र सहयोगी कार्यकर्ताको तलब भत्ता सिकाई सामाग्रीहरु जस्तै बलक, पुतली, नरम खेलौना, नरम बल, रिङ आदि खरिद र बालशिक्षा कक्षाकोठा व्यवस्थापन

३) दफा (२) को उपदफा (१) बमोजिमको रकम सम्बन्धित विद्यालयमा निरन्तर सेवारत बालशिक्षा केन्द्र सहजकर्ताले मिति २०७४ साउन १ देखि तलब भत्ता पाउनेछ ।

**६. बालविकास सम्बन्धि अनुदान दिने विधि :-**

बालशिक्षा केन्द्र सहयोगी कार्यकर्ताको स्वीकृत दरबन्दी नभएको तथा बालशिक्षा केन्द्रमा ५जना भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् भन्ने वि.व्य.स.को निर्णय सहितको सम्बन्धित विद्यालयको निवेदनको आधारमा नगरशिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र प्रमुख प्रशासकीय अधिकृतले दफा (क) १ बमोजिमको रकम विद्यालयको खातामा रकम निकासा गर्ने व्यवस्था मिलाउनेछ ।

**७. बालशिक्षा केन्द्र व्यवस्थापन समिति गठन**

**१) विद्यालयमा आधारित :-**

क) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना - अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट छानी पठाई आएको कम्तिमा एक जना आमा महिला सहित दुई जना - सदस्य

ग) सम्बन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य एक जना - सदस्य

घ) स्थानीय समाजसेवी/ शिक्षाप्रेमी/चन्द्रादाताहरु मध्येबाट एक जना - सदस्य

ङ) शिक्षकहरु मध्येबाट छानी पठाई आएको एक जना - सदस्य

च) बालशिक्षा केन्द्र सहयोगी कार्यकर्ता सदस्य सचिव

**२) समुदायमा आधारित :**

क) अभिभावकहरु मध्येबाट छानी पठाई आएको एक जना - अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट एक आमा महिला सहित दुई जना सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा वडाअध्यक्षले तोकेको वडा सदस्य एक जना - सदस्य

घ) नजिकको विद्यालयको प्रधानाध्यापक - सदस्य

ङ) सम्बन्धित वडाको स्वास्थ्य स्वयम् सेविका एक जना - सदस्य

च) बालशिक्षा केन्द्र सहजकर्ता - सदस्य सचिव

विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ ।

**८. बालशिक्षा केन्द्र सहजकर्ता छनौट विधि, परीक्षाको किसिम र पाठ्यक्रम :-**

बालशिक्षा केन्द्र सहजकर्ता छनौट परीक्षा लिखित र अन्तर्वार्ता गरी दुई किसिमको हुनेछ । ती परीक्षाको पूर्णाङ्क र पाठ्यक्रम शिक्षक तथा कर्मचारी छनौट समितिले निर्धारण गरे बमोजिमको

हुनेछ । सहजकर्ताको छनौट प्रक्रियालाई नगरशिक्षा नियमावली २०७४ को नियम ५४ को उपनियम (२) बमोजिमको छनौट समितिले गर्नेछ ।

९. **बचाउ :-** नगरपालिकाबाट यस अघि भएका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

| | |
|---|---|
| प्रमाणिकरण मिति : २०७४/११/१५ | संख्या १२ |

मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार शिक्षक तथा कर्मचारी छनौट समितिले बनाई मुसिकोट नगरकार्यपालिकाबाट स्वीकृत देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।